नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
परासी

☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Email: cdonawalpur2074@gmail.com
daonawalpur2074@gmail.com

पत्र संख्या : ०७८/७९
च.नं.:

मिति : २०७९।०३।०७

## इ-पासपोर्टको अनलाइन फाराम तथा फोटो खिच्ने सम्बन्धी जरुरी सूचना

विद्युतीय राहदानी (इ-पासपोर्ट) सम्बन्धमा राहदानी विभागबाट प्राप्त जानकारी अनुसार तपशिल बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :-

क) यस अघि विद्युतिय राहदानीको लागि प्रिइनरोलमेन्ट फाराम बुकिङ सम्बन्धमा यस कार्यालयबाट जारी गरिएको सूचनामा संशोधन गरी मिति २०७९।०३।१२ गते देखि अनलाइन फाराम आफैले भरी QR Code सहितको प्रिन्ट प्रति लिई आउने सेवाग्राहीका लागि पहिला आउनेलाई पहिलो सेवा (First in, First out) को माध्यमबाट राहदानीका लागि फोटो खिच्ने कार्य हुनेछ र सोका आधारमा राहदानी विभागमा राहदानी जारी गर्न अनुरोध गरिनेछ ।

ख) मिति २०७९।०२।२६ को सूचनाबाट प्रत्येक हप्ताको मंगलबार र शुक्रबार दिनको २:०० बजे प्रिइनरोलमेन्ट फारामको लागि बुकिङ्ग खोलिदै आएकोमा आगामी आइतवार देखि बुदा नं. क बमोजिम कार्य हुने भएकोले आज मिति २०७९।०३।०७ गते देखि नै अनलाइन बुकिङ बन्द गरिएको छ ।

ग) आगामी शुक्रवारसम्म यस अघि बुकिङ गरिसकेका सेवाग्राहीहरुको राहदानी सम्बन्धी कार्य साविक बमोजिम नै हुनेछ ।

घ) राष्ट्रिय परिचयपत्र नम्बर मात्र उल्लेख गरी राहदानीको अनलाइन फाराम भर्न सकिनेछ (राष्ट्रिय परिचयपत्र नं. को अनुसूची फाराम अनिवार्य नरहेको तर शुद्धाशुद्धी भिडान गर्ने प्रयोजनका लागि सो साथमा लिई आउनु हुन अनुरोध छ) ।

थप जानकारी आवश्यक भएमा यस कार्यालयमा सिधै सम्पर्क राख्नु हुन सबै सेवाग्राहीहरुलाई अनुरोध छ ।

खिमराज भुसाल
**सहायक प्रमुख जिल्ला अधिकारी**